# चि.शा.अ.संस्थान, डीनको कार्यालय
# महाराजगञ्ज

## स्नातक तहको भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८०।०९।०८)

चिकित्सा शिक्षा आयोगको मिति २०८०।०९।०६ मा प्रकाशित **"चिकित्सा शिक्षा स्नातक तह (MECEE-BL 2024) को छात्रवृत्तितर्फका दोश्रो चरणको म्याचिङको नतिजा प्रकाशन तथा भर्ना सम्बन्धि सूचना"** अनुसार यस अध्ययन संस्थानको आङ्गिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरुमा भर्नाका लागि सिफारिस हुनुभएका विद्यार्थीहरुले आयोगको सूचनामा तोकिएको शर्तहरु पालना गरी देहायको मिति, समय र स्थानमा भर्ना प्रक्रियाका लागि सिफारिस हुनुभएका विद्यार्थी स्वयं उपस्थित भई भर्ना हुनका लागि जानकारी गराइएको छ ।

**भर्ना मिति र क्याम्पस/कलेजहरूको विवरण** :

| भर्ना हुने मिति | क्याम्पस/कलेज | भर्ना समय |
|---|---|---|
| २०८०।०९।०८,११,१२ र १३ | सबै क्याम्पस/कलेजहरुका विद्यार्थीहरु | ११:०० बजेदेखि २:३० बजेसम्म |

**भर्ना हुने स्थान** :राष्ट्रिय चिकित्सा शास्त्र अध्ययन केन्द (NCHPE), डीनको कार्यालय परिषर (MOHEGO Building)

**भर्ना हुँदा पेश गर्नुपर्ने कागजातहरू** :

- नागरिकताको प्रमाणपत्र
- प्रवेशिका परीक्षा (एस.एल.सी./एस.ई.ई.) वा सो सरहको प्रमाणपत्र, लब्धाङ्कपत्र/ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र
- १०+२ वा सो सरहको प्रमाणपत्र, लब्धाङ्कपत्र/ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र
- विदेशी शिक्षण संस्था वा त्रि.वि.बाहिरका शिक्षण संस्थाबाट उत्तीर्ण गर्नेहरुले समानस्तर निर्धारण पत्र
- चिकित्सा शिक्षा आयोगबाट लिइएको प्रवेश परीक्षाको प्रवेशपत्र
- सम्बन्धित व्यवसायिक शैक्षिक कार्यक्रमहरुको हकमा सम्बन्धित विषयमा Council Registration Certificate
  (BNS शैक्षिक कार्यक्रमको हकमा, कार्यरत संस्थाले अध्ययन गर्न अनुमति दिएको स्वीकृतिपत्र वा सेवाबाट अवकाश लिएको भए राजीनामा स्वीकृतिपत्र तथा सेवा अनुभवको पत्र आदि ।)
- नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानमा Army Welfare Fund अन्तर्गत भर्ना हुने विद्यार्थीहरुको हकमा बैङ्कमा रकम जम्मा गरेको सक्कल बैङ्क भौचर ।

*भर्ना हुने विद्यार्थीहरुले माथि उल्लेखित शैक्षिक योग्यताका प्रमाणपत्रहरुको Digital Copy चि.शा.अ.सं.को Website (iom.edu.np/admission-notices) मा राखिएको लिङ्कमा अपलोड गरी सक्कल प्रमाणपत्र सहित उपस्थित हुनुपर्नेछ ।*

Tribhuvan University Institute of Medicine Office of the Dean

# भर्ना हुने विद्यार्थीहरुलाई Barrier System सम्बन्धी थप जानकारी

- **First Phase :** MBBS/BDS (First Year and Second Year)
  BAMS (First Year)

**First Phase Barrier:**

- MBBS र BDS कार्यक्रममा भर्ना भएका विद्यार्थीहरुले प्रथम वर्षको परीक्षा नियमित सहित ६ (छ) पटक र दोस्रो वर्षको परीक्षा नियमित सहित ४ (चार) पटकको समय सीमासम्ममा उत्तीर्ण गरि सक्नुपर्नेछ ।
- BAMS कार्यक्रममा भर्ना भएका विद्यार्थीहरुले प्रथम वर्षको परीक्षा नियमित सहित ४ (चार) पटकको समय सीमासम्ममा उत्तीर्ण गरि सक्नुपर्नेछ ।
- पहिलो फेजका सम्पूर्ण विषयहरु उत्तीर्ण गरेपश्चात् मात्र दोस्रो फेजको कक्षामा सहभागी हुन पाइनेछ ।
- उल्लेखित समय सीमाभित्र पहिलो फेजको परीक्षामा अनुत्तीर्ण हुने परीक्षार्थीको भर्ना रद्द गरी कार्यक्रमबाट हटाइनेछ ।
- उल्लेखित अवधिमा सञ्चालन हुने परीक्षामा सहभागी नहुने परीक्षार्थीको समेत उपस्थिति भएको सरह पटक (Attempt) गणना गरिनेछ ।

**शैक्षिक सत्र Exit Barrier:**

- हरेक विद्यार्थीले MBBS, BDS र BAMS कार्यक्रमको शैक्षिक सत्र सुरु भएको समयदेखि दस (१०) वर्षको समयभित्र सबै विषयहरु अनिवार्य रुपमा उत्तीर्ण गरि सक्नुपर्नेछ । अनुत्तीर्ण विद्यार्थीको भर्ना उक्त अवधिपश्चात् रद्द गरिनेछ ।
- MBBS, BDS र BAMS कार्यक्रम बाहेक अन्य स्नातक तह अन्तर्गतका कार्यक्रमहरुको हकमा शैक्षिक सत्र सुरु भएको समयदेखि कार्यक्रमको अवधिमा चार वर्ष थप गरी हुने अवधि (Course Duration + 4 years) भित्र सबै विषयहरु अनिवार्य रुपमा उत्तीर्ण गरि सक्नुपर्नेछ । अनुत्तीर्ण विद्यार्थीको भर्ना उक्त अवधिपश्चात् रद्द गरिनेछ ।

**कक्षा सञ्चालन भएको मितिले १५ दिनभित्र सम्बन्धित क्याम्पस/कलेजमा अनिवार्य उपस्थित हुनुपर्नेछ ।**